# के जुवाले तपाईंको जिन्दगीमा असर पारेको छ ?

के तपाईं जुवामा आफ्नो अमुल्य समय र पैसा दुबै खर्छ गरिरहनु भएको छ ? के जुवाले तपाईंको आर्थिक वा पारिवारिक समस्यालाई निम्त्याको छ ? के तपाईंलाई आफ्नो नजिकको कोही हितैसी जुवाको कुलतमा परेको शंका लागेको छ ?

तपाईं हामीमध्ये जो कोही पनि यस्तो जुवाको कुलतमा पर्न सक्ने सम्भावना छ । केही मानिसहरु स्लोट मेसिन, रोलेट वा पोकर सँग आकर्सित छन भने त केही कम्प्युटरका खेलसँग आकर्सित छन। अब तपाईं यस्तो समस्यासँग एक्लै रहनु पर्दैन। अब यस्तो जुवाको कुलतकोचक्र तोड्न सम्भब छ। फिन्ल्यान्डमा जुवाको कुलतको कारणले धेरै युवाहरु, तिनिहरुका परिवारजनहरु र साथीभाइहरु प्रभावित भएका छन। त्यसैले हामी यस्तो समस्याबाट प्रभावित सबै मानिसहरु साथै तिनिहरुका नजिकका परिवारका सदस्यहरु तथा नातेदाररुलाई पनि आवश्यक सहयोग प्रदान गर्दछौ।

त्यसैले फिन्ल्यान्ड स्थित सामाजिक शिक्षाविधी प्रतिस्ठान ( द फाउण्डेशन अफ सोसिअल पेडागोगी) नामक संस्थाले लामो समयदेखी जुवाको कुलतबाट पीडित बाहुसांस्कृतिक पृष्ठभुमिभएका युवाहरुलाई सहयोग गर्ने मनासाय राखी मपे प्रोजेक्ट संन्चालन गर्दै आहिरहेको छ। यस प्रोजेक्टको कार्य अबधी २००९ अन्त्यमा समाप्त हुंदैछ। हाम्रो यो सेवा हेल्सिन्की र भासा क्षेत्रमा मात्रा उपलब्ध छ। यदी तपाईंले हाम्रो सेवा लिनाचाहेमा तुरुन्त हाम्रो ठेगानामा संपर्क गर्नुहोस। तपाईंको सबै व्क्तिगत विवरणका साथै नाम गोप्य रखिने छ। साथसाथै यस संस्थाले प्रदान गर्ने सबै सेवाहरु निशुल्क छन।

हाम्रो यस कार्यदलका सदस्यहरु फिनिश भाषाका साथसाथै अंग्रेजी तथा स्विडिश भाषाहरुमा दक्ष छन। यदी तपाईं यी भाषाहरु बोल्न सक्नुहुन्न भने पनि `चिन्तित नहुनुहोश´-हामी व्क्तिगत रुपमा अनुवादक उपलब्ध गराइ सहयोग प्रदान गर्ने छौं।

यदी तपाईंले चाहेमा तपाईंकै आफ्नो साथी अथवा नातेदारले पनि तपाईंको व्क्तिगत अनुवादकका रुपमा काम गर्न सक्नेछन। यदी यस्तो गर्न नसकिएमा स्थानिय समाजिक सेवाको कार्यालय (लोकल सोसिअल सर्भिसेज अफिस)बाट अधिकारिक अनुवादकको व्यवस्था गर्न सकिने सम्भावना छ। यदी तपाईं तत्काल मात्रै फिन्ल्यान्ड आइपुग्नु भएको छ भने द फिनिश इमिग्रेसन सर्भिस वा द रिसेप्सन सेन्टर फर असैलम सिकर्सको अफिसबाट अनुवादकालागि सहयोग प्राप्त गर्न सक्नुहुनेछ। यदी आवश्यकता परेमा यस मपे प्रोजेक्टले पनि अनुवादकको सेवा प्रदान गर्नेछ।

सम्पर्क ठेगाना:


Helsinki Region
Anita Lähde
anita.lahde@sosped.fi
Phone: ०५० ३७५ ४७६०

Vaasa Region
Tuula Emas
tuula.emas@sosped.fi
Phone: ०५० ३७५ ४७६२




http://www.sosped.fi/gamecontrol